# स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति
२०७५।३।३

संशोधन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ — २०७६।५।४

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ — २०७७।३।११

प्रस्तावना : नेपालको संविधानमा गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा प्रदेश कानून बमोजिम हुने व्यवस्था भए बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकाले,

नेपालको संविधानको धारा २२७ वमोजिम ♣सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ र सो शव्दले जिल्ला समन्वय समितिको उपप्रमुखलाई समेत सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले संबिधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले संबिधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा जिल्ला समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्षलाई सम्झनु पर्छ ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

(ज) "प्रदेश" भन्नाले ♣सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ र सो शव्दले जिल्ला समन्वय समितिको प्रमुख समेत सम्झनु पर्छ ।

(ञ) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत सम्झनु पर्छ ।

(ठ) "समन्वय समिति प्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ड) "समन्वय समिति उपप्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनु पर्छ ।

(ण) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२०, २२२ र २२३ बमोजिमको गाउँ सभा वा नगर सभा वा जिल्ला सभाका सदस्य सम्झनु पर्छ ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनु पर्छ ।

♥३. सुविधा : (१) गाउँ कार्यपालिका, नगर कार्यपालिका, उपमहानगर कार्यपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष र कार्यपालिकाका सदस्यले क्रमश : अनुसूची-१ (क), अनुसूची १ (ख) र अनुसूची १ (ग) मा उल्लेख भए बमोजिमको सुविधा पाउने छन् ।

(२) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले अनुसूची-१ (घ) मा उल्लेख भए बमोजिमको सुविधा पाउने छन् ।

(३) गाउँ सभा, नगर सभा र उपमहानगर सभाका सदस्यले अनुसूची-१ (ङ) मा उल्लेख भए बमोजिमको सुविधा पाउने छन् ।

(४) उपदफा (१), (२) र (३) बमोजिमका पदाधिकारीहरु बैठकमा जतिसुकै पटक सहभागी भए पनि एक महिनामा अनुसूचीमा उल्लिखित बैठक संख्या अनुसार मात्र बैठक भत्ता पाउने छन् ।

(५) उपदफा (१), (२) र (३) बमोजिमका पदाधिकारीहरुले अनुसूचीहरुमा उल्लेख गरिएका सुविधाहरु २०७६ साल कार्तिक महिनादेखि पाउने छन् ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित

४. Ψ...........

५. Ψ............

६. Ψ...............

७. Ψ...............

८. दृष्टिविहीन वा अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा : (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य, दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिंडडुल गर्न नसकी निजलाई सहयोगीको सेवा आवश्यक भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने निजले रोजेको एक जना सहयोगी उपलब्ध गराउन सक्नेछ ।

♥(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई मासिक रुपमा पन्ध्र हजारमा नबढ्ने गरी सभाले तोके बमोजिमको सहयोगी भत्ता उपलब्ध गराउन सक्नेछ ।

९. भत्ता तथा सुविधा वापतको रकम भुक्तानी : (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने Ψ............... भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सो मार्फत भुक्तानी गर्नु पर्नेछ ।

Ψ(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई मासिक रुपमा पन्ध्र हजारमा नबढ्ने गरी सभाले तोके बमोजिमको सहयोगी भत्ता उपलब्ध गराउन सक्नेछ ।

१०. भत्ता नपाउने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बन भएमा त्यस्तो निलम्बन अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर, त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले दफा ३ बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

११. सुविधा कम हुने गरी निर्णय गर्न सक्ने : यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो श्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ ।

---

Ψ पहिलो संशोधनद्वारा झिकिएको

Ψ पहिलो संशोधनद्वारा झिकिएको

♥ पहिलो संशोधनद्वारा संशोधित

१२. अन्य सुविधा लिन नहुने : स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् ।

१३. अनुसूचीमा हेरफेर गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभा सदस्यको यस ऐन बमोजिम उपलब्ध भईरहेको सुविधामा नघट्ने गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१४. सार्वजनिक गर्नु पर्ने : स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरु सार्वजनिक गर्नु पर्नेछ ।

१५. सेवा लिन सक्ने : स्थानीय तहका उपप्रमुख वा उपाध्यक्षलाई कानूनी राय सल्लाह सुझाव लिनका लागि एक जना कानून अधिकृत स्तरको सेवा सुविधा पाउने गरी स्थानीय निकायले सेवा लिन सक्नेछ ।

१६. बचाऊ : यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि सभाको निर्णय बमोजिम पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा ब्यबस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

Ψ...........

Ψ पहिलो संशोधनद्वारा झिकिएको

## ♥अनुसूची-१ (क)

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र गाउँ कार्यपालिकाका सदस्यको सुविधा**

| क्र. सं. | सुविधाको प्रकार | इकाइ | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | - | ५०० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ६००० | ५००० | ३५०० | ३००० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ५००० | ४५०० | ४००० | ३००० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | ९००० | ७००० | ६००० | ५००० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ९००० | ७००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९ | सवारी साधन | संख्या | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/सरसफाई (मासिक) | रु. | ३५०० | ३००० | २००० | २००० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | २५००० | २२५०० | १६००० | ९००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | १०००० (सुविधाको सवारी साधन उपलब्ध नभएमा) | ९००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | २००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

<u>नोटः</u>

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित

(२) सम्बन्धित स्थानीय तहबाट कुनै पनि सवारी साधन उपलव्ध नभएको कार्यपालिका सदस्यलाई मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा अध्यक्षलाई अधिकतम १५० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपाध्यक्षलाई अधिकतम १२५ लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र वडा अध्यक्षलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २० लिटर इन्धन मासिक र तीन महिनामा मोविल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन गाउँ सभाले निर्णय गर्न सक्नेछ ।

(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन गाउँ सभाले निर्णय गरे बमोजिम हुनेछ ।

♥अनुसूची-१ (ख)

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | - | ५०० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ७००० | ६००० | ४००० | ३५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ६५०० | ५००० | ४००० | ३५०० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | १०००० | ९००० | ६५०० | ६००० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | ११००० | १०००० | ८००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९ | सवारी साधन वा यातायात खर्च | संख्या | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/सरसफाई (मासिक) | रु. | ४००० | ३५०० | २५०० | २५०० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | २७५०० | २५००० | १८००० | १०००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | - | १०००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | २५०० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

♥ पहिलो संशोधनद्वारा संशोधित

नोटः

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) सम्बन्धित स्थानीय तहबाट कुनै पनि सवारी साधन उपलव्ध नभएको कार्यपालिका सदस्यलाई मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम १७० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १५० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र वडा अध्यक्षलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लिटर इन्धन मासिक र तीन महिनामा मोविल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन नगर सभाले निर्णय गर्न सक्नेछ ।

(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

## ♥अनुसूची-१ (ग)

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**उपमहानगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | - | ५०० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ८००० | ७००० | ५००० | ३५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ८००० | ६००० | ६००० | ५००० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | १२००० | १०५०० | ६५०० | ६५०० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | ११५०० | १०५०० | ७००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | २१०० | २००० | १६०० | १६०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० | १५० |
| ९ | सवारी साधन | संख्या | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/सरसफाई (मासिक) | रु. | ४५०० | ४५०० | २५०० | २००० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | २९००० | २७५०० | २०००० | १५००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | - | १०००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | २५०० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

---

♥ पहिलो संशोधनद्वारा संशोधित

नोटः

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) सम्बन्धित स्थानीय तहबाट कुनै पनि सवारी साधन उपलव्ध नभएको कार्यपालिका सदस्यलाई मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम २०० लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १७५ लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर र वडा अध्यक्षलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लिटर इन्धन र तीन महिनामा मोविल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन नगर सभाले निर्णय गर्न सक्नेछ ।

(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

## ♥अनुसूची-१ (घ)

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

<u>जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा</u>

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | सदस्य |
|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | १००० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ८००० | ७००० | ६००० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ८००० | ६५०० | ५००० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो जिल्लाभित्र) (मासिक) | रु. | १२००० | १०००० | ५००० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | ११५०० | ११००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | २१५० | २१०० | १६०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० |
| ९ | सवारी साधन | संख्या | १ | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/सरसफाई (मासिक) | रु. | ५००० | ४००० | २५०० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | ३०००० | २८००० | १५००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | - | ९००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

<u>नोटः</u>

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) सम्बन्धित जिल्ला समन्वय समितिबाट कुनै पनि सवारी साधन उपलव्ध नभएको खण्डमा मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित

(४) क्र.सं. ९ बमोजिम सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम २२५ लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १२५ लिटर इन्धन मासिक र तीन महिनामा मोविल पाँच लिटर तथा सदस्यलाई अधिकतम १० लिटर इन्धन मासिक र तीन महिनामा मोविल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन जिल्ला सभाले निर्णय गर्न सक्नेछ ।

(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

♥अनुसूची-१ (ङ)

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

गाउँ सभा, नगर सभा र उपमहानगर सभाका सदस्यको सुविधा

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | उपमहानगर सभा सदस्य | नगर सभा सदस्य | गाउँ सभा सदस्य |
|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | ५०० | ५०० | ५०० |
| ३ | पुस्तक, पत्रपत्रिका (मासिक) | रु. | ३००० | २५०० | २००० |
| ४ | संचार, टेलिफोन/इन्टरनेट (मासिक) | रु. | ३००० | २००० | २००० |
| ५ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १५०० | १२०० |
| ६ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १२५ | १२५ |
| ७ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | ५००० | ४००० | ३००० |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | - | - | - |
| ९ | खानेपानी/बिजुली/सरसफाई (मासिक) | रु. | १५०० | १००० | १००० |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख |
| ११ | चाडपर्व खर्च (वार्षिक) | रु. | १०००० | ८००० | ७००० |

नोटः

(१) क्र.सं. ५ र ६ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

द्रष्टव्य : यस ऐन बमोजिमका पदाधिकारी, सदस्य तथा सभाका सदस्यहरुले छिमेकी राष्ट्र भारतको चेन्नाई, हैदरावाद, बैंगलोर, मुम्वई, दिल्ली, कोलकत्ता र वंगलादेशको ढाका र चटगाउँ बाहेक ती मुलुकहरुको अन्य स्थानमा रात विताउने गरी भ्रमण गर्दा अनुसूची १ (क), १ (ख), १ (ग), १ (घ) र १ (ङ) मा उल्लिखित बिदेश भ्रमण भत्ताको पचास प्रतिशत रकम मात्र दिईनेछ ।

♥ पहिलो संशोधनद्वारा संशोधित

## अनुसूची-२

ψ..................

∇∇∇

ψ पहिलो संशोधनद्वारा झिकिएको